श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालयको
# सूचना

## राजसभा स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४०

राजसभा स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राजसभा स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजसभा स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०२६ को नियम ३ मा संशोधनः राजसभा स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) सभापतिलाई प्रतिमास तीन हजार तीन सय रूपैयाँ र स्थायी समितिका अन्य सदस्यहरूलाई प्रतिमास दुई हजार रूपैयाँका दरले पारिश्रमिक दिइनेछ ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः–

"(१क) सभापति र सदस्यको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजहरूलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

(३) उपनियम (२) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. आवास सुविधाः (१) सभापति र सदस्यलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ। त्यस्तो बन्दोवस्त नभएकोमा वा उपत्यकामा आफ्नो उपयुक्त घर नहुने सभापति र सदस्यलाई घरभाडा बापत प्रतिमास निजको पारिश्रमिकको आधा रकमसम्म दिइनेछ।

(२) सभापति र सदस्यलाई घर र कम्पाउण्ड मर्मत र सरसफाइ खर्च बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ। यो सुविधा भाडाको घरमा बसेपनि दिइनेछ।

(३) यस नियम बमोजिमको सुविधा सभापति र सदस्यलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ।"

४. मूल नियमावलीमा नियम ४ क, ४ख र ४ग थप: मूल नियमावलीको नियम ४ पछि देहायका नियम ४क, ४ख र ४ग थपिएका छन्:-

"४क. बिजुली, धारा र टेलिफोन सुविधाः (१) सभापतिको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको महसूल श्री ५ को सरकारले व्यहोर्नेछ।

(२) सदस्यलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कको सुविधा दिइनेछ।

४ख. सवारी तथा इन्धन सुविधाः (१) सभापतिलाई सवारीको निमित्त मोटर एक, मासिक दुई सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोविल उपलब्ध गराइनेछ।

(२) पेट्रोल र मोविलको बिल भौचर बुझाउनु पर्नेछैन।

(३) सवारीको निमित्त दुईजना सदस्यलाई ड्राइभर सहितको मोटर एक, त्रैमासिक पाँच लिटर मोविल र प्रत्येक सदस्यलाई मासिक एक सय लिटर पेट्रोल उपलब्ध गराइनेछ।

(४) मोटरको मर्मत र मोटरलाई चाहिने ग्रीजको बन्दोवस्त केन्द्रीय सेवा विभागबाट हुनेछ।

(५) यस नियम बमोजिमको सुविधा सभापतिलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ।

४ग. अन्य सुविधाः (१) सभापतिलाई मोटर र निवासस्थानमा झण्डाको तथा अङ्गरक्षकको हकमा पदीक एक र गार्डको रूपमा बिल्लादार एक र जवान दशको सुविधा दिइनेछ।

(२) स्थायी समितिका पदेन सदस्य बाहेक अन्य सदस्यलाई अङ्गरक्षकको रूपमा कन्स्टेवल प्रहरी एकको सुविधा दिइनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः–

"५. दैनिक तथा भ्रमण भत्ताः (१) सभापति र सदस्यलाई राजसभाको काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा सभापतिलाई प्रतिकोस बीस रूपैयाँ र सदस्यलाई प्रतिकोस दश रूपैयाँ। यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतका दरले वृद्धि हुनेछ ।

(२) मोटरबाट भ्रमण गर्दा सभापतिलाई बिल बमोजिमको पेट्रोल खर्च र सदस्यलाई बसबाट भ्रमण गर्दा एक जवानलाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा सभापतिलाई एक जवानलाई लाग्ने एयर-कण्डिशन भएको ठाउँमा एयर-कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र बर्थ रिजर्भ गरेमा सो रिजर्भ गरेको खर्च समेत र सदस्यलाई एक जवानलाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एक जवानलाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा सभापतिलाई त्यस सम्बन्धमा लाग्ने टिकट खर्च र सदस्यलाई एक जवानलाई लाग्ने भाडा ।

(२) सभापति र सदस्यलाई राजसभाको काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्य-बाहिर भ्रमण गर्दा देहायबमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दैनिक भत्ता पाउनेछ ।

(ख) भ्रमण भत्ताः

(१) मोटरबाट भ्रमण गर्दा एक जवानलाई लाग्ने बिल बमोजिमको मोटरभाडा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६०६

(२) रेलबाट भ्रमण गर्दा सभापतिलाई एक जवानलाई लाग्ने एयर-कण्डिशन भएको ठाउँमा एयर-कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र सदस्यलाई एक जवान-लाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा सभापतिलाई नियमित सेवा (सेड्युल्ड फ्लाईट) मा एक जवानलाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र सदस्यलाई नियमित सेवामा एक जवानलाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एक जवानलाई लाग्ने बिल बमोजिमको खर्च ।

(३) सभापति र सदस्यले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपनियम (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।"

६. मूल नियमावलीमा नियम ५क, ५ख, ५ग, ५घ र ५ङ थप: मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क, ५ख, ५ग, ५घ र ५ङ थपिएका छन्:–

"५क. विदेशी मुद्रा सटही र भन्सार सुविधा: (१) सभापति र सदस्यलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिकको एक-तिहाई रकम बराबरको विदेशी मुद्राको सुविधा दिइनेछ ।

(२) सभापति र सदस्यलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छूट दिइनेछ ।

(३) यस नियम बमोजिमको सुविधा सभापतिलाई विदेश भ्रमण गरेमा वा नगरेमा पनि र सदस्यलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

५ख. लुगा भत्ता: (१) सभापति र सदस्यले राजसभाको काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत पाउनेछ ।

(२) उपनियम (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा सभापति र सदस्यले आफ्नो श्रीमतीसमेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

५ग. नेता भत्ता: (१) सभापतिले नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

3/6/0

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सदस्यले नेताको रूपमा विदेश जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

तर श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधिमण्डल जाँदा नेता भत्ता दिइनेछैन ।

५घ. भैपरी आउने खर्चः सदस्यले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरे बमोजिमको रकम भैपरी आउने खर्च बापट पाउनेछ ।

तर त्यस्तो खर्चको बिल भरपाई बुझाउनु पर्नेछ ।

५ङ. बिदाः (१) सभापति र सदस्यले देहाय बमोजिमका बिदाहरू पाउन सक्नेछन्ः–

(क) भैपरी आउने बिदा,
(ख) पर्व बिदा,
(ग) घर बिदा,
(घ) बिरामी बिदा,
(ङ) कृया बिदा, र
(च) विशेष बिदा ।

(२) सभापति र सदस्यले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको ६ दिन भैपरी आउने बिदा र ३ दिन पर्व बिदा लिन पाउनेछ ।

(३) सभापति र सदस्यले काम गरेको अवधिको एघार दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउन सक्नेछन् । घर बिदा बढीमा एक सय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ । साधारणतः सदस्यलाई आखिरी घर बिदा भुक्तान भएको मितिले चार महीना नपुगी अर्को घर बिदा दिइनेछैन । घर बिदाको प्रयोजनको निमित्त काम गरेको अवधि कायम गर्दा भैपरी आउने बिदा र पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिनसमेत काम गरेको दिनमा जोडिनेछ ।

(४) सभापति र सदस्यले प्रत्येक वर्ष पन्ध्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउन सक्नेछन् । त्यस्तो बिरामी बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिइसकेपछि एक पटकमा थप चार महीनासम्म र सेवाको अवधिभरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

(५) सभापति वा सदस्यले आफैं क्रिया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पुरा पारिश्रमिक सहितको क्रिया बिदा पाउनेछ ।

(६) सभापति र सदस्यले देहाय बमोजिम बिशेष बिदा पाउन सक्नेछ र त्यस्तो बिदा आधा पारिश्रमिक सहितको हुनेछः–

(क) एक पटकमा एक महीनामा नबढाई, र

(ख) पदावधिभरमा तीन महीनामा नबढाई ।

(७) संबैधानिक पदमा वा श्री ५ को सरकारको सेवामा रहेको व्यक्ति सभापति वा सदस्य पदमा नियुक्ति भएमा सो पदमा वा सेवामा रहँदाको निजको संचित बिदा सम्बन्धी हक उपभोग गर्नबाट निजलाई बंचित गरिनेछन् ।"

७. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उप-नियम (१) को शुरूमा "भैपरी आउने बिदा र पर्व बिदा बाहेक अन्य" भन्ने शब्दहरू थपिएका छन् ।"

८. मूल नियमावलीमा नियम ६ क थपः मूल नियमाबलीको नियम ६ पछि देहायको नियम ६क. थपिएको छः–

"६क. उपचार खर्चः (१) सभापति वा सदस्य बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्च निजले उपचार खर्च बापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरीद गरेको औषधि खर्च ।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, बैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिदिएको प्रेस्क्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च ।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनु पर्नेछ ।

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइनेछैन ।

(घ) चश्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बिल बमोजिमको खर्च ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुई सय रूपैयाँ भन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइनेछैन र कुल सेवा अवधि-भर सदस्यले पाउने बाह्र महीनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च दिइनेछैन ।

(३) नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनी श्री५को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको सभापति वा सदस्यले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस नियम बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै सभापति वा सदस्यको मृत्यु भएमा निजको परिवारका सदस्यहरूमध्ये नजिकको हकवालाले सो उपचार खर्च लिन पाउनेछ ।

(५) यस नियम बमोजिम पाउने उपचार खर्च सभापति वा सदस्यले पेश्कीको रूपमा लिन चाहेमा उपनियम (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सभापति वा सदस्यको ६ महीनाको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टी गरिनेछ ।

तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सभापति वा सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(६) सभापति वा सदस्यको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भएमा उपनियम (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सभापति वा सदस्यले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेस्क्रिप्शन पनि पेश गर्नु पर्नेछ । तर यस उपनियम बमोजिम पाउने उपचार खर्च एक पटकमा सभापति वा सदस्यको एक महीनाको पारिश्रमिक भन्दा बढी हुनेछन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) सभापति वा सदस्यको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा, छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमा अस्पताल भर्ना भई सल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) बमोजिम सभापति वा सदस्यले पाउने रकममध्येबाट पाउनेछ ।

(८) उपनियम (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभापति वा सदस्यको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन।

(९) सभापति वा सदस्यले अवकाश प्राप्त गर्दा उपनियम (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति एकमुष्ट रकम सभापति वा सदस्यले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ ।

तर अघि संवैधानिक पदमा वा कुनै सरकारी सेवा गरे बापत उपचार खर्च लिइसकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

(१०) यस नियम बमोजिम उपचार खर्च माग गर्ने सभापति वा सदस्यले समितिमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(११) यस नियम बमोजिम सभापति वा सदस्यले पाएको उपचार खर्चको विवरण सभापति वा सदस्यको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

९. मूल नियमावलीमा नियम ७क. थप: मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छ:-

"७क. निजी सचिवालय र कर्मचारीको व्यवस्था: (१) सभापतिले आफ्नो कार्यकाल-भरको लागि निजी सचिवालयको निमित्त देहायका कर्मचारीहरू नियुक्त गर्न सक्नेछ:-

(क) स्वकीय सचिव (रा.प.द्वि.श्रेणी) — १

(ख) टाइपिष्ट — १

(ग) ड्राइभर (रा.प.अ.द्वितीय श्रेणी) — २

(घ) पिउन — २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सभापतिलाई निजको कार्यकालभरको लागि निजी सचिवालयको निमित्त आवश्यक फर्निचर र देहायका मालसामान उपलब्ध गराइनेछः–

(क) देवनागरिक टाइपराइटर – १ थान
(ख) अंग्रेजी टाइपराइटर – १ थान
(ग) साइकल – २ थान

(३) निजी सचिवालयको लागि मसलन्द तथा अतिथि सत्कारको निमित्त सभापतिलाई प्रतिमास एक हजार नौ सय रूपैयाँ दिइनेछ ।

(४) उपनियम (२) बमोजिम पाएका सामानहरू सभापतिले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।"

१०. बचाउः यो नियमावली प्रारम्भ हुनुभन्दा अघि सभापति र सदस्यले यस नियमावली बमोजिमको सुविधा पाएको रहेछ भने त्यस्तो सुविधाहरू निजले यसै नियमावली बमोजिम पाएको मानिनेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।